अनुसूची-१

(कोशी प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०७७ को नियम १० को उपनियम (६) सँग सम्बन्धित)

मासिक प्रगति प्रतिवेदन

कार्यालयको नामः प्रदेश राजस्व कार्यालय, इटहरी, सुनसरी।

सालः २०८३ **महिनाः भदौ**

क्र.सं.	प्रमुख कार्यहरु	कार्यान्वयन स्थिति	पहिचान भएका प्रमुख समस्या	समाधानका प्रयास
१.	राजस्व सङ्कलनमा समन्वय तथा अनुगमन	➢ पर्यटन शुल्क विभाज्य कोषमा दाखिला तथा बाँडफाँड सम्बन्धमा सबै स्थानीय तहमा पत्र पठाइएको। ➢ विज्ञापन प्रकाशनको भुक्तानीमा ३% विज्ञापन कर कट्टा गर्ने बारेमा सबै निकायहरुलाई पत्राचार गरिएको। ➢ प्रदेश आर्थिक ऐन अनुसारको मनोरञ्जन कर सङ्कलनका लागि क्यासिनोहरुलाई पत्राचार गरिएको। ➢ कृषि ज्ञान केन्द्र र डिभिजन वन कार्यालयलाई राजस्व दाखिला गर्ने शीर्षकबारे पत्र पठाइएको। ➢ कृषि आय प्रमाणित र कर सम्बन्धी विषयमा कृषि ज्ञान केन्द्रहरुसँग अनलाईन (भर्चुअल) छलफल गरिएको। ➢ सवारी साधन कर जरिवाना छुटबारे प्रचार-प्रसार गर्न वेवसाइट, फेसबुक तथा अन्य सामाजिक सञ्जाल मार्फत प्रकाशन/सार्वजनिक गरिदिनका लागि कोशी प्रदेशस्थित सबै निकायहरुलाई पत्राचार गरिएको। ➢ वातावरण तथा औद्योगिकरण व्यवस्थापन शुल्क सङ्कलनका लागि क्रसर उद्योगहरुमा पत्राचार गरियो। ➢ जरिवाना गर्न नियन्त्रणमा लिइएका सवारी साधनलाई र सार्वजनिक निर्माण कार्यमा प्रयोग हुने सवारीलाई यातायातमा कर तिर्न लगाउने व्यवस्थाका लागि सबै स्थानीय तहमा पत्र लेखी अनुरोध गरिएको। ➢ प्रदेश सहयोग कार्यक्रम (PSP) को बजेट तथा कार्यक्रमबाट सवारी साधन कर जरिवाना छुटको प्रचार-प्रसार गर्न स्टिकर छपाइ कार्य अघि बढाइएको। ➢ ट्रयाक्टरका धनीलाई कर दाखिला गर्न र जरिवाना छुटबारे जानकारी दिन ६२८ वटा Bulk SMS पठाइएको।		
२.	राजस्व सम्बन्धी विवरण सङ्कलन	➢ स्वास्थ्य संस्थाको राजस्व सङ्कलन सम्बन्धी विवरण स्वास्थ्य मन्त्रालय र कार्यालयसँग माग गरिएको। ➢ खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालयसँग विद्युतीय सवारी (EV) चार्जिङ स्टेशनबाट राजस्व प्राप्तिको विवरण माग गरिएको।	सबै निकाय/ कार्यालयबाट विवरण प्राप्त	विवरण सङ्कलनको लागि

क्र.सं.	प्रमुख कार्यहरु	कार्यान्वयन स्थिति	पहिचान भएका प्रमुख समस्या	समाधानका प्रयास
		➢ भौतिक पूर्वाधार मन्त्रालय तथा पूर्वाधार विकास कार्यालयहरुसँग आय सङ्कलन हुने पार्क, भ्यू-टावर, बसपार्क लगायतका आयोजनाहरुको विवरण माग गरिएको। ➢ भूमि प्रशासन कार्यालय धरान/बेलबारी/विराटनगरसँग राजस्व सम्बन्धी बेरुजु असुल उपर वा फछ्र्योट सम्बन्धमा थप कागजात माग गरिएको। ➢ नयाँ रुट निर्धारण गर्न प्रादेशिक सडक र अन्तर-स्थानीय तह जोड्ने सड्कहरुको विवरण माग गरिएको। ➢ यातायात व्यवस्था कार्यालय विराटनगर र इटहरीबाट सवारी कर बक्यौताको विवरण सङ्कलन गरिएको।	नभएको।	ताकेता गरिएको।
३.	कार्यालय सञ्चालन तथा नियमित कार्य	➢ कर्मचारीको सम्पति विवरण र बिदाको अभिलेख प्रदेश किताबखानामा पठाइएको। ➢ आ.व.२०८२/८३ को वार्षिक प्रतिवेदन, आर्थिक विवरण, सम्पत्ति तथा जिन्सी प्रतिवेदन, कार्यालय निरीक्षण प्रतिवेदन र श्रावणको मासिक प्रगति विवरण आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाइएको। ➢ घरभाडा भुक्तानी तथा इटहरी उप-महानगरपालिकभित्र घरबहालमा लिन सकिने गरी कार्यालयको ठेगाना संशोधनका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयसँग सहमति माग गरिएको। ➢ मासिक स्टाफ बैठक, भुक्तानी निकासा, मसलन्द कार्यालय सामाग्री खरिद सम्बन्धी कार्य गरियो।		
४.	विविध कार्य	➢ प्रदेश निजामती सेवा नियमावली, २०८१ को नियम ६६ बमोजिम कर्मचारीहरुको शौक्षिक योग्यताको प्रमाणपत्र प्रमाणीकरणका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाइएको। ➢ प्रदेश राजस्व कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली मस्यौदा तयार गरिएको। ➢ यातायात कार्यालयहरुको वार्षिक प्रगति समीक्षामा आन्तरिक मामिला तथा कानून मन्त्रालयमा सहभागी। ➢ आ.व.२०८२/८३ को वार्षिक प्रगति समीक्षामा आर्थिक मामिला तथा योजना मन्त्रालयमा सहभागी। ➢ केन्द्रीकृत एस.एम.एस. गेटवेबाट Bulk SMS पठाउने व्यवस्था मिलाईदिन सूचना प्रविधि तथा विद्युतीय शासन कार्यालयमा अनुरोध गरी NTC /NCELL सँग सम्झौताको डकुमेन्ट तयार गरिएको।		